ISSN 2091-1629


मूल्य रु. ४५/-

# गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ८, २०८० चैत, पूर्णाङ्क २१५

निरन्तर २१५ औं अङ्क




फोटो : सजना तामाङ

## बराहक्षेत्रधाम

सुनसरी

संवित परामर्श मण्डल

आबाल ब्रह्मचारी कविराज देवराज आचार्य

प्रा. शिवगोपाल रिसाल

डा. बिनु बाबा अर्याल

सल्लाहकार

श्रीमती गङ्गा कार्की

श्रीमती माधवी नेपाल

श्रीमती शिवा रिमाल

श्रीमती सीता श्रेष्ठ, खड्का

श्रीमती कमला बस्नेत

श्री नवराज लामिछाने

श्री मोहन चौधरी

प्रकाशक/सम्पादक

अर्जुन लामिछाने (९८५१०५३६०१)

व्यवस्थापक

बिदुरप्रसाद अधिकारी

सहयोगी

बिनीता पाठक

पार्वती सेढाईं

डिजाइनः

बिपीन सोडारी (९८४९८५६२१०)

मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-

वार्षिक सदस्यता शुल्क रू. ५००/-

आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

*यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक*



कार्यालय

भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं

फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७

इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक

**विश्व स्वतन्त्र संचार**

नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)

सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)

नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)

वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५

देवघाटधाम, तनहुँ ९८५१०३०९७२

मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५

कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)



जि. प्र. का. द. नं. ५२/०६२/०६३





हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥


वर्ष १९, अङ्क ७, २०८० पूर्णाङ्क २१५


## चैत २०८०

| | | | | | |
|---|---|---|---|---|---|
| विहीबार | १ | ८ | १५ | २२ | २९ |
| शुक्रबार | २ | ९ | १६ | २३ | ३० |
| शनिबार | ३ | १० | १७ | २४ | गौरी |
| आइतबार | ४ | ११ | १८ | २५ | गौरी |
| सोमबार | ५ | १२ | १९ | २६ | गौरी |
| मंगलबार | ६ | १३ | २० | २७ | गौरी |
| बुधबार | ७ | १४ | २१ | २८ | गौरी |

## गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

# सम्पादकीय

## नवनिर्माण होइन पुनर्निर्माण

भगवान् श्रीपशुपतिनाथ विराजित पावन पशुपति क्षेत्र युनेस्कोको विश्व सम्पदा सूचिमा सूचिकृत नेपालकै पहिलो धार्मिक सम्पदा क्षेत्र हो । यसलाई युनेस्कोले सनं. १९७९ मा विश्व सम्पदामा सूचिकृत गरेको हो । पशुपति क्षेत्रका प्राचीन मूर्त एवम् अमूर्त सम्पदाले गर्दा नै यो क्षेत्र विश्व सम्पदामा सूचिकरण भएको हो । मूर्त सम्पदा अन्तर्गत यहाँका प्राचीन मठ-मन्दिर, चैत्य-गुम्वा, पाटी-पौवा, इनार, धारा, पोखरी, डवली आदि पर्दछन् भने अमूर्त सम्पदा अन्तर्गत यहाँका प्राचीन नाचगान, वाध्यवादन, जात्रा पर्व, भेषभुषा लगायतका सम्पदाहरू पर्दछन् ।

विश्व सम्पदा भइकन पनि पछिल्ला वर्षहरुमा यहाँका मूर्त सम्पदाहरू मनोमानी ढंगले नष्ट गरिएका छन् । वि.सं. १५०४ मा प्रताप मल्लले निर्माण गरेका बम्मै ढुकुटी घर, अठारौ शताव्दीमा रणबहादुर शाहको पालामा भोटु पाँडेले निर्माण गरेका सप्तमी सत्तल पशुपति क्षेत्र विकास कोषले प्राङ्गण विस्तार गर्ने महत्वकांक्षी योजना अगाडि सारेर, गुरुयोजना स्वीकृत नै नहुँदै हतासमा आफैंले नष्ट गरियो । त्यस्तै भूकम्पले क्षतिग्रस्त राणाकालीन समयमा निर्माण गरिएको गुरुजीको सत्तलको समेत इतिहास मेटिएको छ । यसैगरी पशुपति क्षेत्रमा हुने कुण्डयात्रा, उपलिङ्गयात्रा, राममन्दिरको नरसिंह जात्रा, बराह जात्रा र वाग्मती यात्रा जस्ता अमूर्त सम्पदा लोप भइसकेको छ ।

पशुपति क्षेत्र विकास कोषको स्थापना मूलतः यहाँका सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले गरिएको हो । अहिले विभिन्न क्षेत्रका विज्ञ टोली सम्मिलित समितिले तयार गरेको 'पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७८' मा प्राङ्गण विस्तारको योजनालाई खारेज गरेकोले भत्काइएका ऐतिहासिक संरचना पुनर्निर्माण गर्नु कोषकै दायित्व हो । तर विडंबना, कोषले जिर्णोद्धार र पुनर्निर्माणभन्दा पनि नयाँ निर्माणमा जोड दिएको छ । जसले गर्दा पुरातात्विक महत्वका यस्ता सम्पदाहरू लोप हुँदैगएका छन् । त्यसैले स्थानीय समुदाय र सम्वन्धित निकायले कोषलाई गल्ती सच्याउँदै उद्देश्यअनुरूप कार्यगर्न सचेत गराउनु जरुरी छ । अस्तु,

# यसभित्र


अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

पुरूष प्रकृति...... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

खोज

नेपाल हिन्दुराष्ट्र... प्रा. डा.ऋषिराम पोखरेल ९

रहस्य

भगवान् विष्णुको.... भागवतश्री न्यौपाने १२

समसामयिक

जगद्गुरू..... सहप्रा. डा. विनुबाबा अर्याल १३

चिन्तन

भगवान्का विभूतिहरू डा. कान्ता भट्टराई १७

सम्वाद

धर्म र अध्यात्मको... डा. निर्मलमणि अधिकारी २०

कविता

श्रीमहाकाल..... मुकुन्द शर्मा चालिसे २३

शास्त्र परिचय

अद्भूत रामायण.. मोहनप्रसाद आचार्य २५

अध्यात्म

मृत्यु के हो ? उर्मिला भण्डारी २९

उपदेश

भगवान् बुद्धका... रामबहादुर तामाङ ३०

प्रेरक कथा

सबै दिन.... उर्मिला पन्त ३१

फर्केर हेर्दा

महाशिवरात्रि २०८०. अर्जुन लामिछाने ३२

गतिविधि ३५

# धर्म र अध्यात्मको
# अन्तरसम्बन्ध



–डा. निर्मलमणि अधिकारी

रामाशिष झा कक्षा १० मा पढ्छन् । उनलाई भाषाहरू सिक्न धेरै रूचि छ । मैथिली, नेपाली, अंग्रेजी, हिन्दी र भोजपुरी भाषाहरू राम्रोसँग जानेका पनि छन् । समय मिल्नासाथ कुनै भाषाका नयाँ शब्दहरू सिक्ने उनको बानी छ । आज उनी अंग्रेजी शब्दकोश लिएर हेरिरहेका थिए । यसै क्रममा उनको नजर Dharma (धर्म) शब्दमा पर्‍यो । अंग्रेजी शब्दकोशमा धर्म शब्द देख्दा उनलाई आश्चर्य माने किनभने आजसम्म उनले धर्म भनेको संस्कृत शब्द हो र यसलाई अंग्रेजीमा रिलिजन (Religion) भनिन्छ भन्ने मात्रै सुनेका थिए । तर शब्दकोशमा त उनले धर्म (Dharma) र रिलिजन (Religion) दुईटै शब्दहरू अलग अलग प्रविष्टिमा फेला पारे । उनलाई बडो खुल्दुली लाग्यो । उनले आमालाई यस बारे जिज्ञासा राखे ।

रामाशिषकी आमा प्राध्यापक हुनुहुन्छ । उहाँलाई धेरै कुराको ज्ञान छ । धर्म बारे पनि उहाँलाई ज्ञान छ । उहाँले बताउनुभयोः

धर्म शब्दका अनेक अर्थ छन् । संस्कृत भाषामा यसको मूल धृ धातु हो । धृको अर्थ धारण गरिने भन्ने हुन्छ । संस्कृतमा धार्यते इति धर्मः (जो धारण गरिइन्छ त्यो धर्म हो) भनिएको छ । यसको तात्पर्य हो- व्यक्ति वा वस्तुमा सधैं रहिरहने विशेषता, गुण वा मूल वृत्ति, प्रकृति वा स्वभाव नै धर्म हो । यसरी धर्मको मूल अर्थ धारणा, कर्तव्य, प्राकृतिक गुण, विशेषता, चरित्र आदि हुन्छ ।

धर्मले मानव जीवनका साथै सम्पूर्ण सृष्टिलाई नै नियमन गर्ने मानिन्छ । यस अनुसार, मानिसको धर्म भएजस्तै अन्य प्राणी र निर्जीव वस्तुको पनि धर्म हुन्छ । जस्तै : अग्नि (आगो) को धर्म राप, ताप र प्रकाश हो । यसरी नै पानीको धर्म, हावाको धर्म तथा माटोको धर्म के हो भनेर विश्लेषण गर्न सकिन्छ । सृष्टिमा कुनै पनि प्राणी वा वस्तु आफ्नो विशेषताविहीन छैन, त्यसैले धर्मविहीन छैन । यसरी नै व्यक्तिको र समुदायको जस्तै समाजको पनि धर्म हुन्छ । प्रत्येक पेशाको पनि धर्म हुन्छ भन्ने मान्यता यसैअनुसार बनेको हो ।

मानवेतर प्राणी तथा निर्जीव वस्तुहरूको पनि धर्म हुने भएता पनि धर्म बारे चिन्तन गर्ने क्षमता भने तिनीहरूसँग छैन, मानिससँग मात्रै छ । मानव समाजमा धर्म बारे धेरै चिन्तन मनन भएको छ । धर्मलाई व्यक्तिले अवलम्बन गर्ने स्वाभाविक चरित्र वा गुणसँग जोडेको पाइन्छ । लोकको हित वा व्यवस्थाका लागि अगाँलिने कर्तव्य, पुण्य कर्म, असल आचरण, सदाचार, सत्कर्म, जिम्मेवारी अनुसार निर्धारित कार्य वा व्यवहार आदिलाई पनि धर्मसँग सम्बद्ध मानिएको देखिन्छ ।

आस्तिक मानिसहरूले धर्म भनेर ईश्वरप्रति आस्था एवं शास्त्रविहित कर्मलाई मान्दछन् । आस्तिक दृष्टिकोणमा ईश्वरप्रतिको आस्था धर्मको अपरिहार्य विशेषता हो । आस्तिक मतमा धर्मका १० वटा लक्षण मानिएको छ । ती हुन् : धृति (धैर्य), क्षमा (क्षमाशील हुनु), दम (आफ्नो वासनाहरू माथि नियन्त्रण गर्न सक्नु), अस्तेय (चोरी नगर्नु वा आफ्नो अधिकार नभएको वस्तु नलिनु), शौच (शरीर, मन एवम् बुद्धिलाई शुद्ध एवम् पवित्र राख्नु), इन्द्रिय निग्रह (इन्द्रियहरूलाई बसमा राख्नु), धी (बुद्धिमानी हुनु), विद्या (ज्ञान आर्जन गर्नु), सत्य (मन, वचन र कर्मबाट सत्यको पालन गर्नु) र अक्रोध (क्रोध नगर्नु) ।

धर्मको धारणा वा पालना गर्नु किन आवश्यक

मानिएको हो ? धर्मको पालना गर्नाले के हुन्छ ? रामाशिषले थप जिज्ञासा राखे । आमाले उत्तर दिनुभयो–

धर्मको धारणा वा पालनाले सबै प्राणी तथा वस्तुहरू स्वाभाविक गुणमा रहन्छन् र सृष्टि सुव्यवस्थित रहन्छ । कसैले धर्मको उल्लंघन गऱ्यो भने त्यसले समाजमा अव्यवस्था पैदा हुन्छ र समस्या पर्छ । धर्मविहीन समाजमा अराजकता, अन्याय तथा दुःखकष्ट बढ्ने आशंका गरिन्छ । समाजमा सुख, शान्ति, अमनचैन एवम् न्यायको प्रत्याभूति गर्नका लागि धर्मको पालना अनिवार्य मानिन्छ । धर्मो रक्षति रक्षितः भन्ने कथन प्रसिद्ध छ । यसको तात्पर्य होः धर्मको रक्षा गर्नेलाई धर्मले पनि रक्षा गर्छ । धर्मको पालनाले सर्वहितकारी समाज व्यवस्था सुनिश्चित हुन्छ भन्ने मान्यताको कारणले धर्मको धारणा वा पालना गर्नु आवश्यक मानिएको हो । यस क्रममा आफूले अवलम्बन गरेका धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूको वैज्ञानिक पक्षहरू जान्नु पर्छ ।

व्यक्तिगत तहमा भन्नुपर्दा धर्मको पालनाले कुनै पनि व्यक्तिलाई चरित्रवान बनाउँछ । धर्मले व्यक्तिको असल व्यक्तित्व विकास गराउँछ । धर्मको अवलम्बन गर्ने व्यक्ति कर्तव्यनिष्ठ हुन्छ । धर्मले मानिसलाई आत्मविश्वासी, साहसी एवम् इमान्दार बनाउँछ । धर्मको धारणा एवम् पालनाले मानिसलाई अभ्युदय र निःश्रेयस प्राप्त हुन्छ । अभ्युदय भनेको यो लोकमा हुने उन्नति, प्रगति एवम् समृद्धि हो । निःश्रेयस भनेको परम लक्ष्य हो । जस्तैः मानव जीवनको परम लक्ष्य हिन्दु मान्यता अनुसार मोक्ष हो भने बौद्ध मान्यता अनुसार निर्वाण हो । धर्मको पालनाले शारीरिक, मानसिक एवम् आध्यात्मिक सबै अभ्युदय हुने र परम लक्ष्यको पनि प्राप्त हुने मानिन्छ । धर्मको पालना गर्नाले मानव जीवन सुखी एवम् सार्थक बन्छ ।

रामाशिषले सोधेः धर्म र रिलिजन(Religion)को अन्तरसम्बन्ध के हो ?

आमाले भन्नुभयोः धर्म शब्दको बृहत् र संकीर्ण गरी दुई प्रकारका अर्थहरू प्रचलनमा देखिन्छन् । बृहत् रूपमा धर्मको मूल अर्थ धारणा, कर्तव्य, प्राकृतिक गुण, विशेषता, चरित्र आदि हो भनेर त मैले अघि नै बताइसकेँ । साथै धर्म शब्दलाई ईश्वरप्रति आस्था एवम् शास्त्रविहित कर्मको समष्टि पद्धति तथा सम्प्रदायलाई जनाउने संज्ञाका रूपमा पनि प्रयोग गरिएको देखिन्छ । मानिसले आफूले अवलम्बन गरेका शास्त्रीय तथा सांस्कृतिक क्रियाकलापहरूलाई पनि धर्म अन्तर्गत वा धर्मकै अभिन्न अंगका रूपमा लिएका हुन्छन् । यसै सन्दर्भमा धर्मलाई अंग्रेजी शब्द रिलिजनको समानार्थक मानेर पनि व्यवहारमा चलाएको अवस्था छ । अर्थात्, आस्थासँग सम्बन्धित सम्प्रदायको पहिचानका लागि पनि धर्म शब्द प्रयोगमा छ । जस्तैः नेपालमा राष्ट्रिय जनगणना हुँदा धर्म भनेर हिन्दु, बौद्ध, इस्लाम, किरात, इसाई, बोन, जैन, शिख, प्रकृतिपूजक र बहाइ जस्ता अनेक विकल्पमध्ये कुनै एउटा रोज्न दिइन्छ । यस्तो सन्दर्भमा धर्म शब्दलाई मानिसको सम्प्रदायजन्य वा आस्थाजन्य पहिचानलाई जनाउने संज्ञाका रूपमा प्रयोग गरिएको पाइन्छ । यो धर्म शब्दको संकीर्ण अर्थ हो ।

धर्मको बृहत् वा मूल अर्थ नै लिएर विश्लेषण गर्ने हो भने त धर्मको अर्थलाई रिलिजनले बोक्न सक्दैन । धर्म शाश्वत् एवम् सार्वजनीन अवधारणा देखिन्छ । रिलिजनले आस्थाजन्य सम्प्रदायको पहिचानलाई इंगित गरेको देखिन्छ । तथापि संकीर्ण अर्थमा धर्म शब्दलाई रिलिजनको समानार्थी मानेर पनि प्रयोग गरिँदै आएको तथ्य पनि हामीले ख्याल राख्नुपर्छ । यसरी धर्म भनेर सामूहिक पहिचान दिने गरी मानिसको सम्प्रदायजन्य वा आस्थाजन्य पहिचानलाई जनाउने संज्ञाका रूपमा लिइएको पनि देखिन्छ । धर्म शब्दको प्रयोग गर्दा बृहत् अर्थमा प्रयोग गरिँदैछ कि संकीर्ण अर्थमा प्रयोग गरिँदैछ भन्ने खुट्ट्याएर बुझ्नु आवश्यक पर्छ ।

रामाशिषको मनमा धेरै जिज्ञासाहरू आइरहेका थिए । उनले थप प्रश्न गरेः अध्यात्म भनेको के हो ? धर्म र अध्यात्मको के अन्तरसम्बन्ध छ ?

छोराले यस्तो गहन जिज्ञासा राखेकोमा आमालाई निकै खुशी लाग्यो । उहाँले बताउनुभयो– नेपाली बृहत् शब्दकोशमा अध्यात्म शब्दको अर्थ आत्मज्ञान, तत्त्वमीमांसा, आत्मा र परमात्माका गुण एवम् तिनको पारस्परिक सम्बन्धमा गरिने चिन्तन, निरूपण वा विवेचना भनिएको छ । वैदिक मान्यता अनुसार सृष्टिका तीन आयाम छन्ः स्थूल, सूक्ष्म र कारण । उदाहरणका लागि शरीर स्थूल

स्वरूप हो, मन सूक्ष्म स्वरूप हो र आत्मा कारण स्वरूप हो । स्थूल जगत्सँग सम्बन्धित विषयवस्तुलाई आधिभौतिक भनिन्छ । सूक्ष्म जगत्सँग सम्बन्धित विषयवस्तुलाई आधिदैविक भनिन्छ । आध्यात्मिक भन्नाले अध्यात्मसँग सम्बन्धित भन्ने बुझिन्छ । अध्यात्म कारण जगत्सँग सम्बन्धित छ । यसरी अध्यात्ममा मुख्य सरोकार भनेको आत्मिक अभ्युदय हो । हिन्दु परम्परामा मोक्ष बारे एवम् बौद्ध परम्परामा निर्वाण बारे गरिने चिन्तनलाई अध्यात्मकै उदाहरण मानिन्छ । आत्मज्ञानका लागि योगदान गर्ने हुनाले नै सत्संग, योग, ध्यान आदिलाई अध्यात्मको विषयवस्तु मानिएको हो ।

धर्म र अध्यात्मको अन्तरसम्बन्ध विचार गर्दा अध्यात्मलाई धर्मभित्रको एउटा अंश मान्नुपर्ने देखिन्छ । किनभने धर्मको प्रकृतिमा आधिभूत (भौतिक), आधिदैव (मानसिक) र अध्यात्म (आध्यात्मिक) सबै पर्दछन् । अर्थात्, धर्मको दायरामा सृष्टिका स्थूल, सूक्ष्म र कारण, यी तीनैवटा आयाम समेटिन्छन् । धर्मले शरीर, मन र आत्मा, यी तीनैको गुण वा विशेषतालाई नियमन गर्छ । यसरी धर्मभित्रको एउटा विशिष्टिकृत क्षेत्र हो अध्यात्म । धर्म चाहिँ आधिभौतिक, आधिदैविक एवम् आध्यात्मिक, यी सबैको समष्टि हो ।

कतिपय मानिसहरूले त धर्म र अध्यात्म अलग अलग हुन् भनिरहेको सुनेको थिएँ । तर हजुरले त धर्मभित्रैको एक अंश अध्यात्म हो भन्नुभयो । यस बारे थप स्पष्ट पारिदिनुहोस् न । रामाशिषले भने ।

आमा मुसुक्क हाँस्नुभयो । उहाँले भन्नुभयो– मैले पनि त्यस्ता कुरा सुनेकी छु । जसले धर्मको मूल अर्थ विचार नगरी धर्मलाई रिलिजनको समानार्थक मानेर सङ्कीर्ण अर्थ गर्छन्, उनीहरूले त्यस्तो भनेका हुन् । धर्मको मूल एवम् बृहत् अर्थ नै हामीले हेर्नुपर्छ । वैदिक ऋषिहरू, बुद्ध, तीर्थंकर महावीर, भारतवर्षीय दार्शनिकहरू आदिले धर्म शब्द जुन तात्पर्यमा प्रयोग गर्नुभएको छ सोही परिप्रेक्ष्यमा धर्मको अर्थ बुझ्दा यसलाई संकीर्ण अर्थमा प्रयोग गर्नु उपयुक्त हुँदैन । बृहत् अर्थमा धर्मको क्षेत्र अति विस्तृत छ जहाँ अध्यात्म पनि समाविष्ट छ ।

आमाको स्पष्टीकरणले रामाशिषलाई आफ्नो जिज्ञासा पूरै सम्बोधन भएको महसुस भयो । आमालाई धन्यवाद दिँदै उनी आफ्नो अध्ययनकक्षतिर लागे ।❖


–भाषा तथा आमसञ्चार विभाग, काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे


सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

**संरक्षणमा हातेमालो गरौं !**

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।

जय गौमाता !





**नन्दी सेवा स्थल**

**मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान**

**फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६**